मिति : २०८१।४।४

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।**

**क. निकायको स्वरुप र प्रकृति :**

स्वावलम्बल लघुवित्त वित्तीय संस्था लि. कम्पनी ऐन, २०५३ (हाल २०६३) बमोजिम वि.सं. २०५८ साल असोज १९ गते स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार संचालित नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्था हो ।

**ख. निकायको काम, कर्तव्य र अधिकार :**

यसलाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन ,२०७३ को दफा ४९ को उपदफा (४) मा व्यवस्था भए अनुसार देहाय बमोजिमका काम, कर्तव्य र अधिकार तोकिएको छ ।

(क) समूह वा समूहको सदस्यलाई लघु व्यवसाय सञ्चालन गर्न लघुकर्जा दिने,
(ख) कर्जा वा अनुदान प्राप्त गर्ने र त्यस्तो कर्जा वा अनुदान लघुकर्जा वितरणमा वा सो कार्यलाई प्रभावकारी बनाउने काममा प्रयोग गर्ने,
(ग) कर्जा माग सम्बन्धी कार्यको मूल्याङ्कन गर्ने र त्यस्तो कार्यको सम्भाव्यता पहिचान गर्ने,
(घ) लघुकर्जा परिचालन सम्बन्धमा समूहलाई आवश्यक पर्ने सेवा तथा परामर्श प्रदान गर्ने,
(ङ) लघुकर्जा समयमा असुल उपर गर्नेतर्फ आवश्यक कारबाही गर्ने,
(च) राष्ट्र बैङ्कको स्वीकृति लिई निक्षेप स्वीकार गर्ने तथा निक्षेपको भुक्तानी दिने,
(छ) पूजीकोष पुरा गर्ने प्रयोजनका लागि शेयर, डिबेञ्चर, ऋणपत्र आदि जारी गर्ने,
(ज) ऋणी वा ग्राहकको विवरण सूचना वा जानकारी ऐनले तोके बमोजिम लिने दिने,
(झ) राष्ट्र बैङ्कले तोकेको अन्य काम गर्ने ।

**ग. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**

२०८१ असार मसान्तमा कार्यरत कर्मचारीको संख्या ७०३ (ज्यालादारी बाहेक) रहेको छ र वित्तीय संस्थाले तोकेका कार्यहरु विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भइरहेको छ । व्यवस्थापन समूहको नाम र पद https://www.swbbl.com.np/board-management/management-teams मा उपलब्ध छ ।

**घ. निकायबाट प्रदान गरिने सेवा :**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'घ' वर्गका वित्तीय संस्थाले गर्ने कार्यहरु अन्तर्गतका सेवाहरु ।

**ङ. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**

यस वित्तीय संस्थाका शाखाको विवरण वित्तीय संस्थाको वेभसाईट https://www.swbbl.com.np/branches मा उपलब्ध छ । सेवा सम्बन्धी विस्तृत जानकारी सो कार्यालयका प्रमुखबाट उपलब्ध हुनेछ ।

**च. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**

वित्तीय संस्थाले प्रदान गर्ने विभिन्न सेवा सम्बन्धी जानकारी यस वित्तीय संस्थाको वेभसाईट https://www.swbbl.com.np/products मा रहेको छ । सोको शुल्क तथा अवधिको जानकारी केन्द्रीय कार्यालयमा कर्जा, संचालन तथा निरीक्षण विभाग र सम्बन्धित शाखा/उपशाखा कार्यालयबाट समेत उपलब्ध हुनेछ । कर्जा तथा बचतको ब्याजदर हरेक त्रैमासमा यस वित्तीय संस्थाका कार्यालयहरुका सूचना पाटीमा अध्यावधिक गरी प्रकाशित गरिन्छ।

**छ. निर्णय गर्ने प्रक्रिया र अधिकारी :**

विभिन्न प्रकारका बैंकिङ्ग कारोवारका सम्बन्धमा विभिन्न तहका अधिकारीहरुले निर्णय गर्न सक्ने प्रक्रिया मिलाइएको छ । प्रमुख कार्यकारी अधिकृत तथा वित्तीय संस्थाको संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ ।

**ज. निर्णय उपर उजुरी सुन्ने अधिकारी :**

ग्राहकहरुको उजुरी गर्नका लागि हाल केन्द्रीय स्तरमा निर्णय उपर उजुरी सुन्ने अधिकारी प्रमुख कार्यकारी अधिकृत हुनुहुन्छ । निजको ठेगाना यस प्रकार रहेको छ ।

श्री नरेन्द्र सिंह विष्ट,

प्रमुख कार्यकारी अधिकृत, स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि, केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौ ।

**झ. सम्पादन गरेको कामको विवरण :**

बैंक तथा वित्तीय सस्था सम्बन्धी ऐन, २०७३ बमोजिम देहायका कारोबारहरु वित्तीय संस्ताबाट सम्पादन भइरहको छ ।

(क) चल अचल सम्पत्ति सुरक्षण वा जमानत लिई वा नलिई लघुकर्जा दिने ।

(ख) कर्जा वा अनुदान प्राप्त गर्ने र लघुकर्जा वितरण कार्यलाई प्रभावकारी बनाउने काममा प्रयोग गर्ने,

(ग) लघुकर्जा उपलब्ध गराउनु अघि मूल्याङ्कन गर्ने र सम्भाव्यता हेर्ने,

(घ) लघुकर्जा परिचालन सम्बन्धमा समूहलाई आवश्यक पर्ने सेवा तथा परामर्श, तालिम, वित्तीय साक्षरता प्रदान गर्ने,

(ङ) लघुकर्जा समयमा असुल उपर गर्नेतर्फ आवश्यक कारबाही गर्ने,

(च) राष्ट्र बैङ्कले तोकिदिएको शर्त बन्देजको अधीनमा रही निक्षेप स्वीकार गर्ने तथा निक्षेपको भुक्तानी दिने,

(छ) ऋणी वा ग्राहकको विवरण सूचना वा जानकारी राष्ट्र बैङ्क, सम्बन्धित निकाय वा अन्य बैङ्क वा वित्तीय संस्थाबीच लिने दिने,

(ज) राष्ट्र बैङ्कले तोकेको अन्य काम गर्ने ।

**ञ. सूचना अधिकारी र प्रमुखको नाम र पद :**

**सूचना अधिकारी :**
श्री चन्द्रमणि चौलागाँई, पद : सहायक महाप्रबन्धक
फोन नं.: ०१-४५३४९२१, ०१-४५३४९२२, ईमेलः info@swbbl.com.np cc : chandra@swbbl.com.np
साथै, यस वित्तीय संस्थाका विभाग/इलाका/क्लष्टर/शाखा कार्यालयका प्रमुखहरुले उपलब्ध भएसम्म आवश्यक भएका सूचना प्रदान गर्ने गर्दछन् ।

**वित्तीय संस्थाका कार्यकारी प्रमुखको नाम र ठेगानाः**
श्री नरेन्द्र सिंह विष्ट
प्रमुख कार्यकारी अधिकृत
स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि, केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ ।
फोन नं.: ०१-४५३४९२१, ०१-४५३४९२२, ईमेलः narendra.bista@swbbl.com.np

**ट. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**

प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशनहरु वित्तीय संस्थाले पालना गर्नुपर्ने हुन्छ भने देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरु वित्तीय कार्यका लागि प्रमुख रुपमा रहेका छन् ।

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८
३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
४. कम्पनी ऐन, २०६३
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६. सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४
७. धितोपत्र सम्बन्धी ऐन, २०६३
८. सुरक्षित कारोवार ऐन, २०६३ आदि
९. उपरोक्त ऐनहरु अन्तर्गतका नियम तथा विनियमहरु
१०. नेपाल राष्ट्र बैंकका निर्देशनहरु

ठ. **आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण :**

वित्तीय संस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु नेपाल राष्ट्र बैंकले तोके बमोजिम प्रकाशित गर्ने गरिएको छ । सो विवरणहरु राष्ट्रिय स्तरको पत्र-पत्रिकामा तथा वित्तीय संस्थाको वेभसाईट https://www.swbbl.com.np/download/quarterly-report मा समेत प्रकाशित गरिन्छ । वार्षिक विवरणहरु वार्षिक प्रतिवेदन मार्फत सार्वजनिक गर्ने गरिएको छ । जुन यस वित्तीय संस्थाको वेभसाईट https://www.swbbl.com.np/download/annual-report मा समेत उपलब्ध छ ।

**साथै सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।**

क) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण :
यस वित्तीय संस्थाले बैंकिङ्ग कारोवार सम्बन्धी कार्य गर्दै आएको छ । विशेष प्रकारको कुनै आयोजना संचालन गरको छैन ।

ख) सार्वजनिक निकायको वेवसाइट भए सोको विवरण : http://swbbl.com.np

ग) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण :
वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई वित्तीय संस्थाको वेवसाईटमा समेत प्रकाशन गरिएको छ । साथै आवश्यकता अनुसार वित्तीय संस्थाको वेभसाइट तथा पत्रपत्रिकामा त्रैमासिक विवरण समेत प्रकाशित हुने गरेका छन् । वित्तीय संस्थाका गतिविधिहरु सम्बन्धी विवरण यस वित्तीय संस्थाको वेवसाइट https://www.swbbl.com.np/gallery मा अध्यावधिक गर्ने गरिन्छ ।